# पाल्हीनन्दन गाउँपालिका

फोन न. [illegible]

## Palhinandan Rural Municipality

## गाँउ कार्यपालिकाको कार्यालय

## Office of Rural Municipal Executive

कुश्मा, नवलपरासी (ब.सु.प.), लुम्बिनी प्रदेश,

Kushma, Nawalparasi (Ba.Su.Pa.), Lumbini province,


पत्र संख्या (Letter No.) २०७८/०७९

चलानी न. (Ref. No.) :

मिति:२०७८।०१।१४

## पाल्हीनन्दन गाउँपालिकाको अत्यन्त जरुरी सूचना

महामारीको रुपमा कोभिड-१९(डबल म्युटेन्ट भेरियन्ट) संक्रमण दिनानुदिन बढिरहेको र यसले विकराल रुप लिन सक्ने भएको तथा यस गाउँपालिकामा समेत यसको प्रभाव देखिन लागेकोले मिति:२०७८।०१।१४ गतेको गाउँपालिका स्तरीय विपद व्यवस्थापन समितिको बैठक बाट तपसिल बमोजिमको निर्णय भएकोले सोही अनुसार गर्न गराउन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ

तपसिल

१.संघीय सरकार, प्रदेश सरकार तथा जिल्ला विपद व्यवस्थापन समितिका निर्णयहरु पूर्ण रुपमा कार्यान्वयन गर्ने गराउने ।

२.गाउँ कार्यपालिका कार्यालय तथा मातहतका सम्पूर्ण कार्यालयहरुबाट हुने सेवा प्रवाहलाई स्वास्थ्य मापदण्ड अपनाई कार्यतालिका बनाई कार्य सम्पादन गर्ने गराउने ।

३.पाल्ही प्राथमिक स्वास्थ्य केन्द्र लोहरौलीलाई द्रुत गतिमा सञ्चालन गरि आईसोलेसन अस्पतालको रुपमा सञ्चालन गरि प्रयोग गर्ने ।

४.प्रत्येक घर होम आईसोलेसनको रुपमा अनिवार्य लागु गर्ने ।

५.गाउँपालिकाको नगर प्रहरी तथा नेपाल प्रहरी मार्फत प्रचार प्रसार तथा जनचेतनामूलक कार्यको लागि समन्वय तथा परिचालन गर्ने ।

६.मेला, महोत्सव, पर्व, विवाह, मलामी आदि क्रियाकलापहरु सञ्चालन गर्दा १५ जना भन्दा बढी नहुने गरि स्वास्थ्य मापदण्ड कायम गरि मात्र सञ्चालन गर्ने, जनप्रतिनिधिहरु र विपद व्यवस्थापन समितिका पदाधिकारीहरु समेत १५ जना भन्दा बढी सहभागि हुने जस्ता कार्यहरु नगर्ने नगराउने ।

७.गाउँपालिका क्षेत्र भित्र पर्ने सम्पूर्ण शैक्षिक संस्था (सामुदायिक, निजी, धार्मिक,मदरसा) तथा विद्यालयको भौतिक उपस्थिति सहितको पठनपाठन तथा परीक्षा बन्द गरि विद्यार्थीहरुको अभिभावक मार्फत वैकल्पिक सिकाई सहजीकरणको व्यवस्थापन गर्ने साथै अर्को निर्णय नभए सम्मको लागि पूर्ण रुपमा बन्द गर्ने ।

८.पालिका भित्र रहेका धार्मिक मन्दिर, मस्जिदहरुमा नित्य क्रियाकलाप न्युन्तम सहभागीता जनाई एक जना पुजारी/मौलानाले नियमित सञ्चालन गर्ने तथा त्यस्ता धार्मिक स्थलहरुमा पुजा, आरती,संयुक्त नमाज (शुक्रबार) पढ्ने जस्ता कार्यहरु हाललाई नगर्ने नगराउने ।

(श्रीप्रसाद गौतम)

प्रमुख प्रशासकीय अधिकृत